हात्तीसारको रूप फेरिँदै । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१४, ● अंक-१४ ● २०७८ कात्तिक ०१ गते सोमबार, ● 18 Oct. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



*संकटमा सिद्धद्धपोखरी*

मकवानपुर भीमफेदी-७ को कोगटे स्थित सिद्धपोखरी । महाभारतका पाँच पाण्डव १२ वर्ष वनवासबाट फर्कदा उक्त पोखरीमा स्नान गरेर पोखरीको नामाकरण सिद्धपोखरी गरेको किम्वदन्ती रहेको छ । उक्त पोखरीलाई गाउँपालिकाले संरक्षण गरेर धार्मीक पर्यटकीय स्थलको रूपमा विकास गरिनुपर्ने स्थानीयको धारणा रहेको छ ।



# भोटेलहराको बिरुवा उत्पादको अनुसन्धान

सुनिता विष्ट
मकवानपुर

मकवानपुरको बकैयामा असार महिनामा हरियो दाना लागेको बोट फेला परेका भोटेलहराको फल पाक्न थालेपछि वनस्पती अनुसन्धान केन्द्रमा ल्याएर बिरूवा उत्पादनको लागि अनुसन्धान सुरु गरिएको छ । वानस्पतिक अन्वेषण तथा सर्वेषणबाट नेपालको तनहुँ, संखुवासभा र मकवानपुरमा मात्र पाइने पत्ता लागेको थियो भोटेलहरा मकवानपुरको पनि विभिन्न ठाउँहरूमा गरिएको खोज पश्चात् केहि महिना अघि बकैया गाउँपालिकाको वडा नम्बर ११ मा रहेको सिमात खोलाको आसपास जंगलमा फेला परेको थियो ।

वनस्पती अनुसन्धान केन्द्र मकवानपुरका वरिष्ठ वैज्ञानिक अधिकृत रघुराम पराजुलीले पहिलो पटक मकवानपुरमा भोटेलहराको खोजी गरी फेला पार्न सफल भएका हुन् । उनको प्रयासका पछि विभिन्न योजनाहरू बनाएर फेला पारिएको भोटेलहराको संरक्षण गरी बिउ उत्पादन गर्न सुरू गरिएको हो ।

वनस्पती अनुसन्धान केन्द्र मकवानपुरका वरिष्ठ वैज्ञानिक अधिकृत पराजुलीले भोटेलहरा फेला पार्नेलाई पुरस्कृत गरिने निर्णय गरेर नै भोटेलहराको खोजीमा लागिपरेका थिए । ४ महिनादेखिको निरन्तर खोजको क्रममा पराजुलीले बकैया गाउँपालिकाको सेउले सामुदायिक वनमा उक्त भोटे लहरा फेला पारेका हुन् । पहिलो पटक आफु र आफ्नो समूहका अनुसन्धान टोलीले बकैयाको सिमात खोला आसपासमा भोटेलहराको बिरूवा फेला परेपछि त्यसको फलको लागि एउटा अभियान नै सञ्चालन गरेर भोटेलहराको फल खोजी कार्यले सफलता पाएको हो ।

पहिले बिरूवा मात्रै फेला परेको उक्त भोटेलहराको असार महिनामा बकैया गाउँपालिका वडा नम्बर ११ का २५ बर्षिय कृष्ण लामा र उनका २० बर्षिय भाई पासाङ लामाले लटरम्मै फलेको भोटेलहराको बोट भेटेका थिए । उक्त फल असोज महिनाको पहिलो हप्तातिर पाकेपछि बिरूवा उत्पादनको लागि अनुसन्धान गर्न वनस्पती अनुसन्धान केन्द्रमा ल्याइएको वनस्पती अनुसन्धान केन्द्र मकवानपुरका वरिष्ठ वैज्ञानिक अधिकृत पराजुलीले जानकारी दिए ।



*भोटे लहराको बिरुवा उत्पादनको लागि अनुसन्धान सुरु गरिदै । फोटो : सुनिता*

आफूले अनुसन्धानकै क्रममा जस्ले पहिला भोटेलहराको बिरूवा भेट्न सकिन्छ, उसलाई पुरस्कारको व्यवस्था भनेर घोषणा गरेर नै खोजी कार्य अघि बढाएका थिए । तर आफैले पहिला विरूवा भेटेपछि पनि उनले अरू बिरूवा भेट्नेलाई पनि पुरस्कार दिने बताउँदै आएका थिए । भोटेलहराको खोजीकार्यमा जुट्ने, संरक्षणको लागि तत्परता देखाउने तथा बिउ उत्पादन सम्ममा साथ दिने स्थानीयहरूलाई आफुले सक्दो सहयोग स्वरूप पुरस्कृत समेत गरिएको पराजुली बताउँछन् ।

हाल वनस्पती अनुसन्धान केन्द्रमा भोटेलहराको बिरूवा उत्पादन गर्न अनुसन्धान थालिएको छ । बिरूवाबाट कटिङ्ग गरेर नर्सरी गरिएकोमा बिरूवा उत्पादन हुन नसकेपछि उक्त पाकेको फलबाट बिउ निकालेर पोलिथिन गरेर बिरूवा उमार्न सकिन्छ कि भनेर अनुसन्धान भैरकेको वनस्पती अनुसन्धान केन्द्र मकवानपुरका वरिष्ठ वैज्ञानिक अधिकृत पराजुलीले जानकारी दिए । बिउ राखेको तीन हप्ता बितिसक्दा पनि बिरूवा नउम्रिएको कारण अझै अन्य विधिहरू समेत अपनाएर यसको व्यापक अनुसन्धान गरिने पराजुली बताउँछन् ।

वानस्पतिक अन्वेषण तथा सर्वेक्षणबाट नेपालको तनहुँ, संखुवासभा र मकवानपुरमा मात्र पाइने भनिए तापनि पछिल्लो समयमा मकवानपुरमा भोटेलहरा लोप भइसकेको अनुमान गरिएको थियो । पछिल्लोपटक मकवानपुर स्थित वनस्पति अनुसन्धान केन्द्रमा सरूवा भई आएका वरिष्ठ वैज्ञानिक अधिकृत रघुराम पराजुलीले खोजको क्रममा भोटेलहरा फेला पारेका हुन् । यो ताजा खोजले नेपालको प्रकृतिमा दुर्लभ भोटेलहरा छ भन्ने पुनः एकिन भएको छ ।

वनस्पति विभागबाट मकवानपुर सरूवा भएर आउनेवित्तिकै पराजुलीले मकवानपुरमा संकटापन्न वनस्पतिको रूपमा रहेको भोटेलहराको खोजी गर्नुपर्छ भन्ने सोच राखेका थिए ।

# मेतोक पेमालाई टोलस्तरीय भलिबलको उपाधि



◆ विकास संवाददाता

बडा दशैं २०७८ को अवसरमा थाहा नगरपालिका वडा नं. २ अन्तर्गत् टोलस्तरीय भलिवल प्रतियोगिता भएको छ । सोल्टु युवा क्लबको आयोजनामा २५ असोजबाट शुरू भएको प्रतियोगिता २७ असोजमा सम्पन्न भएको हो ।

वडाभरिका विभिन्न टोलका गरी ८ टिमले सहभागिता जनाएको प्रतियोगितामा फेदीगाउँको मेतोक पेमा युवा क्लबले उपाधि जितेर खसी पुरस्कार पाएको छ । फाइनलमा मेतोकले आयोजक सोल्टु युवा क्लबलाई उपविजेतामा सीमित गरेको थियो । उपविजेता भएको सोल्टु युवा क्लबले बोका पुरस्कार पाएको छ । प्रतियोगितामा देउरालीको देउराली युवा क्लब तृतीय भयो । उसले दुईवटा लोकल भाले पुरस्कार पायो ।

प्रमुख अतिथि थाहा नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष गुप्तबहादुर कार्कीले विजेताहरूलाई पुरस्कार, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरेका थिए । शंकर काकी, रूपक उप्रेती र राजाराम स्याङ्तानले प्रतियोगितामा निर्णायकको भूमिका निभाएका थिए । आयोजक क्लबका अध्यक्ष निशान कार्कीको सभाध्यक्षतामा प्रतियोगिताको समापन गरिएको थियो ।

गाउँमा पहिलोपटक टोलस्तरीय भलिवल प्रतियोगिता आयोजना गरिएको र यसले सामाजिक सद्भाव र दशैंको रौनकता बढाएको आयोजक सोल्टु युवा क्लबका सचिब रूपक कार्कीले बताए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## पालिकामा खेलकुद सक्रियता

सामान्यतः दशै पर्व भित्रिएसगै मकवानपुरको थाहानगर खेलमय बन्यो । हुनतः अन्य सथानीय तहहरुमा पनि पर्व आसपास यस्ता प्रतियोगिताहरु नभएका भने होइनन् । नगर क्षेत्रमा गठन भएका युवा क्लब तथा संस्थाहरुले यस किसिमको खेलकुदका कार्यक्रमहरु संचालन हुने गरेका छन् । स्थानीय तहमै नगरस्तरीय कार्य क्षेत्र हुनेगरी थाहामै संस्था/क्लब दर्ता हुने भएपछि झन यस किसिमको प्रतियोगिताहरुले गति लिन थालेको छ । त्यसोतः थाहा नगरपालिकाले वार्षिक रुपमै उपमेयरकप ब्यडमिन्टन प्रतियोगिता, मेयरकप भलिबल तथा विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरु, राष्ट्रपति रनिङ शील्ड जस्ता खेलकुदका कार्यक्रमहरु संचालन गर्दै आएको छ । नयाँ संविधानमार्फत संघीयता कार्यान्वयनमा आएसँगै नेपालमा स्थानीय तहहरु निकै अधिकारसम्पन्न र शक्तिशाली बनेका छन्। अब भौतिक र मानवीय दुबैखाले विकासमा स्थानीय तहले जनताको नजिकको अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने संवैधानिक र ब्यवहारिक दायित्व थपिएको बेला यस्ता कार्यक्रमले एकातिर स्थानीय तहप्रति युवालाई आकर्षित र एकाकार गर्न सहयोग पुग्छ भने अर्कोतिर गाउँठाउँमा लुकेर रहेका खेल प्रतिभाहरुलाई उजागर गरेर क्रमशः जिल्ला, प्रदेश र राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नलायक खेलाडी बनाउन मद्दत पुग्छ। सबैभन्दा पहिले त स्थानीय तहहरु नीतिगतरुपमा स्पष्ट हुनुपर्छ।

विश्व समुदायले अवलम्बन गरिरहेको विकासको नीतिलाई पछ्याउँदै आफ्नो पालिकाको सर्वाङ्गीण विकासमा स्थानीय तहले आफ्ना नागरिकप्रतिको अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ। कुनै बेला विकास भन्नेबित्तिकै भौतिक विकासलाई मात्र प्राथमिकता दिइन्थ्यो। सडक, पुल, धारा, भवन आदिमा मात्रै सबै बजेट केन्द्रित गरिन्थ्यो। तर सन् १९८० को दशक आसपासपछि र खासगरी अल्पविकसित देशहरुलाई लक्षित गरी शुरु गरिएको सहस्राब्दी विकास लक्ष तथा त्यसको निरन्तरतास्वरुप सन् २०१६ देखि सन् २०३० सम्मका लागि जारी दिगो विकासका लक्षहरु पूरा गर्न सञ्चालित कार्यक्रमअन्तर्गत भौतिक र मानवीय विकासलाई सँगसँगै अघि बढाउनुपर्नेमा जोड दिइएको छ। मानव विकास सूचकांकमा नेपालको उल्लेख्य प्रगति हुन सकिरहेको छैन। यसमा प्रगति गर्न हामीले शिक्षा, स्वास्थ्य र प्रतिव्यक्ति आयमा छलाङमयरुपमा विकास गर्नु जरुरी छ। त्यसका लागि स्थानीय तहदेखि नै जग बसाल्नुपर्छ। समग्र मानवीय विकासका लागि शिक्षा, स्वास्थ्य, खेलकूद, कला, साहित्य, विज्ञान प्रविधि, सामाजिक न्यायलगायत हरेक क्षेत्रमा प्रगति गर्नुपर्नेछ। त्यसको शुरुवात स्थानीय तहबाटै गर्न खेल, कला, साहित्य आदिको विकासका लागि स्थानीय तहले नै नेतृत्व गर्नुपर्छ। स्थानीय तहले हरेक क्षेत्रमा भूमिका बढाउनुपर्ने आजको अपरिहार्यता हो भने अर्कोतिर हामी जुन क्षेत्रको विकास गर्न चाहन्छौं, त्यो क्षेत्रमा हामी कहाँ छौं भनेर समीक्षा गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

देशको खेल क्षेत्रको अवस्थाको समीक्षा गर्दा हामी अहिले पनि बामे सरिरहेका छौं। नेपालका धेरै क्षेत्रजस्तै खेल क्षेत्र पनि दलीय स्वार्थको शिकार बन्न पुगेको छ र राष्ट्रियस्तरमा खेलको नीति निर्माणको सवालमा विधागतरुपमा विकास हुन सकिरहेको छैन। हरेक क्षेत्रमा जस्तै खेल क्षेत्रमा पनि पुनर्संरचनाको आवश्यकता छ। भन्नलाई हामी 'राष्ट्रका लागि खेलकूद' भन्छौं तर खेलकूद विकासमा त्यसप्रकारको नाराको मर्म आत्मसात गर्न कुनै पनि सरकारले सकिरहेका छैनन्। अन्य क्षेत्रमा जस्तै खेल क्षेत्रलाई सरकार र सत्तारुढ दलले कार्यकर्ता भर्ती केन्द्रको रुपमा स्थापित गर्ने क्रम रोकिएको छैन, झन् बढेको छ। राष्ट्रियस्तरमा देखिने यो गलत अभ्यासबाट कम्तिमा स्थानीय तहहरु बच्नुपर्छ। ग्रासरुटमा रहेका जुनसुकै राजनीतिक विचारप्रति आस्थावान वा कसैसँग पनि नजिक नरहेका लुकेका प्रतिभाको खोजी गरेर राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नलायक बनाउनुपर्छ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५0७२३२२ र नरेन्द्र अधिकारी ९८५५0७0५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# बालबालिकालाई दिन लागिएको फाइजर खोप के हो?



**डा. शेरबहादुर पुन**

कोरोनाले सन् २०२० मा संसारभरका लाखौं मानिसलाई मृत्युको मुखमा पुऱ्यायो। हालसम्म पनि यो भाइरसले स्वरूप परिवर्तन गर्दै संक्रमण गर्ने क्रमलाई निरन्तरता दिइरहेको छ । संक्रमणको निरन्तरतामा 'ब्रेक' लगाउन संसारभरी विभिन्न उपायहरू अपनाइएका थिए, छन् ।

यी उपायमध्ये जनस्वास्थ्यका मापदण्डहरू- मास्क लगाउने, शारीरिक दुरी कायम गर्ने तथा हात धुने सबभन्दा बढी चर्चित रहे। तर विश्वमा धेरैले यो मापदण्ड व्यवहारमा लागू गर्न भने सकेनन् । अर्को विकल्प भनेको कोभिड-१९ विरूद्धको खोप नै थियो । मैले पनि खोपलाई कोरोना महामारी नियन्त्रणमा निर्विकल्प उपाय हुनसक्ने भन्दै आइरहेको थिएँ। संसारभरका वैज्ञानिकदेखि अध्येताहरूसम्म यसमा एक मत देखिन्छन् ।

इतिहासमै पहिलोपटक कोरोना खोपको विकास सबभन्दा छोटो अवधिमा भएको थियो । सुरूमा कोभिड खोप प्रति धेरैले टिका-टिप्पणी र प्रभावकारिता प्रति शंका-उपशंका पनि गरे। रोग नयाँ, खोप द्रुत गतिमा विकास हुनु वा छिटो उपलब्ध हुनु, क्लिनिकल परीक्षण पनि भर्खर मात्र सकिनु र सामाजिक सञ्जालहरूमा व्यक्त भएका नकारात्मक टिप्पणीले गर्दा यस्तो सोच जोकोहीमा आउनु स्वाभाविक थियो ।

मैले यसबीच नेपाली समुदायमा खोपको महत्व र अनुसन्धानबाट निस्किएको नतिजामा विश्वास गराउन र बुझाउन भरमग्दुर प्रयास गरेँ। अरू धेरैले पनि गर्नुभयो । हाल खोप प्रति धेरैको विश्वास ह्वात्तै बढेको देखिन्छ। खोपको माग बढ्नुले पनि यो कुरा प्रमाणित गर्छ । यी खोप १६ वा १८ वर्ष माथिकालाई (खोप अनुसार) मात्र प्रयोग गर्न सकिने थियो। अर्थात् योभन्दा कम उमेरकालाई खोप लगाउन सुझाइएको थिएन । किनभने बालबालिकाका लागि खोपको क्लिनिकल परीक्षण हुन बाँकी नै थियो । कोरोनाले निरन्तर उतार-चढावको अवस्था सिर्जना गर्दैगर्दा आगामी दिनमा खोप नलगाउनेहरू यसको प्रभावमा पर्नसक्ने सम्भावना बढेर गएको छ । अर्थात् बालबालिकाले कोरोनाको अर्को लहर आउनुअगाडि खोप लगाउने अवस्था नभएमा उनीहरू जोखिममा पर्न सक्ने देखिन्छ ।

यद्यपि आजको मितिसम्म वयस्क वा जेष्ठ नागरिक वा दीर्घरोगीहरूभन्दा बालबालिकामा तुलनात्मक रूपमा कम नै मानवीय क्षति भएको देखिन्छ । तर पहिलोभन्दा दोश्रो लहरमा बालबालिका कोरोनाबाट बढी प्रभावित भए। त्यसैले अर्को लहर देखिए थप बालबालिका प्रभावित/जोखिम हुनसक्ने सम्भावना नकार्न सकिँदैन। त्यसमा पनि विद्यालय-कलेज खोल्ने निर्णयसँगै बालबालिकामा खोपको आवश्यकता र चर्चा ह्वात्तै चुलिएको छ । हालै अमेरिकामा फाइजर /बायोएनटेकको खोप १२ वर्ष माथिकामा आपतकालीन प्रयोगका लागि अनुमति दिइएको छ । नेपालले पनि यसको प्रयोग १२ वर्ष माथिका बालबालिकामा गर्ने भनिसकेको छ ।

फाइजर/बायोएनटेकको खोप पहिलोपटक सन् २०२०, डिसेम्बरमा आपतकालीन प्रयोगका लागि अनुमति दिइएको थियो। त्यो बेला १६ वर्ष माथिकालाई मात्र अनुमति थियो। त्यस्तै सन् २०२१, मेमा अमेरिकी संस्था एफडिएले १२ देखि १५ वर्षकालाई आपतकालीन प्रयोगको अनुमति दियो । सन् २०२१, अगस्टमा अमेरिकामा यो खोपलाई १६ वर्ष माथिकालाई प्रयोग गर्न सक्ने पूर्ण अनुमति दिइयो। यो नै अमेरिकामा पूर्ण स्वीकृति प्राप्त गरेको पहिलो कोरोना खोप थियो।

नेपालमा यो खोप १२ वर्ष माथिकालाई दिने तयारी हुँदै गर्दा अभिभावकहरूमा यस प्रति विशेष चासो बढ्दै गइरहेको छ। अनुसन्धानमा १२ देखि १५ वर्षका बालबालिकालाई खोप दिँदा शतप्रतिशत कोभिड-१९ बाट रक्षा गरेको नतिजा देखाएको थियो।

> फाइजर खोपको दुई डोज तीन हप्ताको अन्तरालमा दिइन्छ । यसलाई भण्डारमा राख्न "अल्ट्रा" चिस्यान फ्रिजर चाहिन्छ। नेपाल सरकारले बालबालिकालाई दसैंलगत्तै फाइजर वा मोडर्ना खोपका लागि अल्ट्रा चिस्यान फ्रिजर व्यवस्थापन गर्दैछ भन्ने जानकारी बाहिर आइरहेको छ । यस्तो व्यवस्थापनको खाँचो लामो समयसम्म आवश्यक पर्न सक्नेछ ।

खोप लगाएपछि हुन सक्ने 'साइड इफेक्ट' का बारेमा पनि धेरैको चासो रहेको पाइन्छ । खोप लगाएपछि आफ्नो स्वास्थ्य प्रति चासो हुनु/राख्नु स्वाभाविक पनि हो ।

अनुसन्धानबाट देखिएका साइड इफेक्ट सामान्य खालका थिए। खोप लगाएको ठाउँमा दुख्नु, थकान महसुस गर्नु, टाउको दुख्नु, जाडो लाग्नु/काम्नु, मांशपेशीका दुख्नु, ज्वरो आउनु, जोर्नी दुख्नुजस्ता समस्या बढी देखिएका थिए ।

यसमध्ये एउटा मुटु सम्बन्धी अति दुर्लभ समस्या पनि अनुसन्धानमा देखिएको थियो । खासगरी दोश्रो डोज लगाएपछि देखिएको यो समस्यामा मुटुका मांशपेशी वा बाहिरी तह सुन्निएको थियो । अनुसन्धानमा यस्ता समस्या गम्भीर नभएका र उपचारपछि पूर्णरूपमा निको भएको थियो। खोप लगाएपछि छाती दुख्ने, सास फेर्न गाह्रो हुने, छिटो छिटो मुटु चल्ने आदी समस्या देखिए तुरून्त अस्पताल गई मुटुसँग सम्बन्धित जाँच गराइहाल्नु पर्छ।

फाइजर खोपको दुई डोज तीन हप्ताको अन्तरालमा दिइन्छ । यसलाई भण्डारमा राख्न 'अल्ट्रा' चिस्यान फ्रिजर चाहिन्छ। नेपाल सरकारले बालबालिकालाई दसैंलगत्तै फाइजर वा मोडर्ना खोपका लागि अल्ट्रा चिस्यान फ्रिजर व्यवस्थापन गर्दैछ भन्ने जानकारी बाहिर आइरहेको छ । यस्तो व्यवस्थापनको खाँचो लामो समयसम्म आवश्यक पर्न सक्नेछ ।

फाइजर अबको केही सातामा पाँचदेखि ११ वर्षका बालबालिकामा पनि खोप प्रयोग गर्न पाऊँ भनी आपतकालीन स्वीकृतिका लागि एफडिएमा निवेदन दिने तरखरमा रहेको समाचारहरू आइरहेका छन् । अर्थात् यी उमेर समूहकालाई पनि फाइजर खोप दिने नेपालले निर्णय गरे अल्ट्रा चिस्यान फ्रिजरको निरन्तर आवश्यकता पर्नेछ ।

हुन त हाल नेपालमा प्रयोग भइरहेको चिनियाँ खोप (शिनोफार्म, भेरोसेल) पनि तीन वर्ष माथिका बालबालिकामा दिन सुरू गरेको भनिएको छ । यो खोपका लागि अल्ट्रा चिस्यान फ्रिजर आवश्यक पर्छ भन्ने छैन । तर आवश्यकता र रोजाइमा कुन खोप पर्छ वा उपलब्ध हुन्छ भन्ने निश्चित नभएकाले तयारी गर्दा र रहँदा नै बुद्धिमानी हुनेछ ।

आजको मितिसम्म वयस्क, जेष्ठ नागरिक वा दीर्घरोग भएकाभन्दा बालबालिकामा कोरोनाको मानवीय क्षति कम देखिए पनि पछि यस्तै अवस्था रहिरहन्छ भनेर यकिन गर्न सक्ने आधार छैन । भाइरसको स्वरूप परिवर्तन नियमित, स्वाभाविक भएको र यसले देखाउने अस्वाभाविक हर्कतले गर्दा आगामी दिनमा बालबालिका खोप लगाउनबाट बन्चित भए कोरोनाको जोखिममा पर्न सक्ने कुरा नजरअन्दाज गर्न सकिँदैन ।

त्यसैले अर्को लहर आउनुअगाडि नै धेरैभन्दा धेरै बालबालिकालाई खोपको दायरामा समेट्न सके कोरोनाबाट देखिने भयावह अवस्था टार्न सकिनेछ । सरकारले पनि बालबालिकामा प्रयोग हुने खोपबारे तथ्य र जानकारी पर्याप्त मात्रामा सर्वसाधारणसम्म पुऱ्याउने पहल गर्नुपर्ने हुन्छ ।

*(डा. शेरबहादुर पुन शुक्रराज ट्रपिकल तथा सरूवारोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुन्।)*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# कसरी सफल भयो सुँगुरको मिर्गौला मान्छेमा प्रत्यारोपण ?

सन् १९२० देखि १९९० को बीचमा संसारभर चिकित्सा क्षेत्रको विकासमा निकै धेरै कामहरू भए । यही बीचमा नै मानव शरीरको कुनै अंगले काम नगर्दा त्यसको विकल्प खोज्ने विषयमा धेरै खोजीहरू भए । मानव अंगको अभाव पूर्तिका लागि जनावरको अंगलाई मान्छेमा प्रत्यारोपण गर्ने बारेमा धेरै प्रयास भए । तर अहिलेसम्म सबै काम सफल हुन सकेनन् ।

सन् १९९२ को जुन महिनामा पहिलोपटक मान्छेमा लंगुरको मिर्गौला प्रत्यारोपणको प्रयास गरिएको थियो । प्रत्यारोपणको २१ दिनपछि बिरामीको पूरै शरीरमा संक्रमण फैलियो । यो संक्रमण बिस्तारै बिस्तारै बढ्दै गयो र ७० दिनपछि बिरामीको ब्रेन ह्याम्रेजका कारण ज्यान गयो ।

त्यसको ठीक एक वर्षपछि सन् १९९३ को जनवरीमा ६२ वर्षीय एक पुरुषमा लङ्गुरकै मिर्गौला प्रत्यारोपणको अर्को प्रयास गरिएको थियो । तर २६ दिनपछि उनको पनि मृत्यु भयो ।

खरायो, बाँदर हुँदै लङ्गुरसम्मको अंग मान्छेमा प्रत्यारोपणका लागि यसबाहेक पनि विभिन्न प्रयासहरू १९९० को दशमा भए । सन् १९९० पछि नै वैज्ञानिकहरूले जिनोट्रान्सप्लान्टेसनका लागि सुँगुर धेरै प्रभावकारी हुने ठहर गरेका थिए । त्यही ठहरपछिको प्रयासले मान्छेमा सुँगुरको मिर्गौला प्रत्यारोपण सफल भएको छ ।

### कसरी सफल भयो मिर्गौला प्रत्यारोपण ?

जिनोट्रान्सप्लान्टेसनलाई लिएर वर्षौंदेखि कोसिस जारी थियो । यसमा अहिलेसम्म त्यस्तो साह्रो सफलता हात लागेको थिएन । वैज्ञानिकहरूले यसभन्दा पहिले लङ्गुर र बाँदरको अंगलाई समेत मानव शरीरमा ट्रान्सप्लान्ट गर्ने प्रयास गरिसकेका थिए । तर ब्लड क्लट्सदेखि लिएर शरीरको इम्युन रिस्पोन्सको कारणले पनि प्रत्यारोपण सफल हुन सकिरहेको थिएन ।

तर एक साताअघि अमेरिकी शल्यचिकित्सकहरूको एउटा समूहले एक व्यक्तिमा सफलतापूर्वक सुँगुरको मिर्गौला प्रत्यारोपण गरेको दाबी गरेका छन् । उनीहरूले यो सफलतासँगै अङ्ग प्रत्यारोपणको प्रतीक्षा गरिरहेका गम्भीर बिरामीलाई दाताको खोजी र अभावसम्बन्धी झण्झटबाट मुक्ति मिल्ने दाबी पनि गरेका छन् ।



यसअघि गरिएका सबैखाले अंग प्रत्यारोपणमा बिरामीको केही घण्टा वा केही दिनमा नै मृत्यु हुने गरेको देखिन्थ्यो । केही घण्टामा नै इन्फेक्सन हुने र अंगले धेरै लामो समयसम्म काम गर्न नसकेको अवस्था यसअघिका प्रत्यारोपणमा भेटिन्छ । तर अमेरिकामा गरिएको यो प्रत्यारोपणको ३ दिनसम्म अंगले सामान्य अवस्थामा जस्तै काम गऱ्यो । साथै, ३ दिनसम्म कुनै गलत प्रतिक्रिया पनि नआएका कारण वैज्ञानिकहरूले यसमा आफूहरू सफल भएको दाबी गरेका हुन् । यो प्रत्यारोपण एक महिलामा गरिएको थियो । प्रत्यारोपणपछि महिलाको असामान्य क्रिएटिनिन लेभल समेत सामान्य अवस्थामा आएको थियो । रगतमा क्रिएटिनिनको स्तरको सिधासिधा सम्बन्ध किड्नीको कामसँग हुन्छ । क्रिएटिनिन लेभल सामान्य स्तरमा रहनुको अर्थ यो हुन्छ कि किड्नीले ठीक रूपसँग काम गरिरहेको छ ।

न्युयोर्कस्थित न्युयोर्क युनिभर्सिटीका ल्याङ्गोन हेल्थका डाक्टरहरूले सुँगुरको मिर्गौला महिलामा प्रत्यारोपण गरेका हुन् । यो मृगौला ३ दिनसम्म बाहिरबाट महिलाको शरिरको कोशिकासँग जोडिएको थियो । यस अवधिमा मिर्गौलाले सामान्य मान्छेमा जस्तै काम गरेको छ ।

प्रत्यारोपण टोलीको नेतृत्व गरि रहेका डाक्टर रोबर्ट मोन्टगोमेरीले सुँगुरको मिर्गौलाले सामान्य मानिसको मिर्गौला जस्तै काम गरेको बताएका छन् ।

मिर्गौला प्रत्यारोपण गरेकी महिला 'ब्रेन डेड' भएकी बिरामी हुन् । महिलाको मृगौलाले राम्रोसँग काम नगरेको कारण उनलाई लाइफ सपोर्टमा राखिएको थियो । यो अनुसन्धानका लागि महिलाको परिवारसँग स्वीकृति लिइएको मोन्टगोमरीले जानकारी दिए ।

सुँगुरको जीनमा ग्लाइकोन भनिने चिनीको अणु हुन्छ, जुन मानिसमा पाइँदैन । हाम्रो शरीरले यस्तो चिनीको अणुलाई सहजै स्वीकार्न सक्दैन र मानव अंग सामान्य अवस्थामा चल्न सक्दैन । पहिलेपहिले पनि यसरी नै सुँगुरको मिर्गौला प्रत्यारोपणको प्रयास गर्दा यो असफल भयो । यो समस्या समाधान गर्न वैज्ञानिकहरूले सुँगुरको जीन परिमार्जन गरेर यसमा रहेको ग्लाइकोनको अणुलाई हटाएका थिए । यससँगै जेनेटिक इन्जिनियरिङमार्फत् सुँगुरको जीन परिमार्जन गरी मिर्गौला प्रत्यारोपण गरिएको थियो ।

*-एजेन्सीहरुको सहयोगमा*

# मासु खाँदा सावधानी अपनाउनुपर्छ !

तुलनात्मक रूपमा अहिले मासु खाने व्यक्तिहरूको संख्या दिनानुदिन बढ्दै गएको छ । यससँगै सागसब्जी, फलफूल, पानी र सलाद पनि उत्तिकै सेवन गर्नुपर्छ । यसो गर्दा मासुका नकारात्मक असर कम गर्न मद्दत पुग्छ । यसले कब्जियतको समस्याबाट पनि बचाउँछ । सकेसम्म पोलेको मासु प्रयोग गर्नु हुँदैन । साधारण तरिकाले पकाएको वा उमालेको मासु स्वस्थकर हुन्छ ।

कसै कसैलाई मासु नपच्ने समस्या हुन्छ । यस्तो समस्या भएका मानिसले दैनिक कम्तीमा एक कचौरा दहीको सेवन गर्नुपर्छ । बिहान, खानापछि र दिउँसोको समयमा दहीको प्रयोग गर्न सकिन्छ । यसले पाचन प्रक्रिया चुस्त बनाउँछ । मधुमेह, कोलेस्टेरोल, उच्च रक्तचाप भएका मानिसले तारेको खानेकुरा खानुहुँदैन ।

बोसोको मात्रा कम गर्नु छ भने खसीको मासुबाट बोसो छुट्याएर उपभोग गर्नुपर्छ । तौल कम गर्न प्रयासरत हुनुहुन्छ भने मासु खाँदा भात र चिउराको मात्रा एकदमै कम गर्नुपर्छ । त्यस्तै, सलाद,



सागसब्जी (आलु बाहेक)को उपभोग भने सकेसम्म बढाउनुपर्छ । ग्यास्ट्राइटिसको समस्या छ भने चिल्लो र पिरो कम गर्नुपर्छ । खानासँगै फलफूल, तरकारी, सलाद र दही सेवन गर्नुपर्छ ।

दशैंमा अन्य बेलाको तुलनामा मासुको उपभोग अत्यधिक गरिन्छ । मासुसँगै चिल्लो, नून, चिसो पेयपदार्थ, गुलियो र मदिरा पनि बढी सेवन गरिन्छ । तर, कतिपय रोगीलाई भने यस्ता खाद्यपदार्थ विष बन्छ । उच्च रक्तचाप, मधुमेह, मुटु रोग, मिर्गौला रोग, युरिक एसिड, मोटोपन, कोलेस्टेरोल बढ्ने, कब्जियत, क्यान्सर, ग्यास्ट्राइटिसको समस्या भएकाहरूले मासु सेवन गर्दा विशेष ध्यान दिनुपर्छ ।




### थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# तेलले मुटुलाई बलियो बनाउँछ कि हानि गर्छ ?

● डा. राजेन्द्र कोजु

बजारमा आउने कतिपय विज्ञापनमा तेलले मुटुलाई बलियो र सुरक्षित बनाउँछ भनिन्छ । तर बजारमा आउने विज्ञापनमा जस्तै मुटुको सुरक्षाको लागि तेलको प्रयोग प्रभावकारी हुन्छ त ? चिकित्सकहरू तेलले मुटु बलियो बनाउन सहयोग नै गर्छ भनेर ढुक्क हुन नसकिने बताउँछन् । यसको मात्रा मिलाउन नजाने तेलले उल्टै हानि गर्न सक्ने भन्दै यसको प्रयोगमा ध्यान दिनुपर्ने उनीहरूको तर्क छ । यद्यपि मुटुको स्वास्थ्य र तेलको उपभोगका बीचमा सम्बन्ध नभएको भने होइन । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. राजेन्द्र कोजु मुटुको स्वास्थ्य र तेलको सम्बन्धबारे यसरी सुनाउँछन् ।

तेलले मुटु बलियो बनाउँछ नै भन्ने हुँदैन । यति हुँदाहुँदै पनि तेल आफैँमा शरीरको लागि आवश्यक पेय पदार्थ भने पक्कै हो । आयल भन्ने बित्तिकै यसमा फ्याट हुन्छ । मुटुको स्वास्थ्यको लागि उचित मात्रामा फ्याट युक्त खानेकुराको सेवन गर्नुपर्छ । फ्याट विभिन्न खाद्य तथा पेय पदार्थबाट पाउन सकिन्छ । जस्तै, मासु, दूध, पनिर जस्ता पदार्थमा पनि फ्याटको मात्रा पर्याप्त हुने गर्छ । यही फ्याटकै कारण मुटुको रक्तनली साँघुरो हुँदै जान्छ । त्यसैले चिल्लो र गुलियो खानेकुरालाई निश्चित मात्राभन्दा धेरै खानु मुटुको स्वास्थ्यको लागि उचित हुँदैन ।

अब फेरि आउँछ सन्तुलित मात्रा भनेको कति हो ? सामान्यतया फ्याटको मात्रा यति नै चाहिन्छ भनेर भन्न सकिँदैन । तर हामीले खाने खानामा एक चौथाइभन्दा कम फ्याट युक्त खाना खानुपर्छ भन्ने मान्यता छ । त्यसर्थ, फ्याट कम गर्नको लागि भने तेल मात्रै नियन्त्रण गरेर हुँदैन । यसमा मासु, दही दूध जस्ता फ्याटको उपभोगमा समेत स्वनियन्त्रण गर्नुपर्छ । स्वास्थ्यको धेरै ख्याल गर्ने कतिपयले तेलयुक्त खानेकुराहरू नियन्त्रण गर्ने भनेर अभियान चलाउने गरेको पनि पाइन्छ । तर यसरी तेल खाँदै नखाने र अरू फ्याट युक्त खानेकुरा धेरै खाने हो भने यसले पनि हामीलाई फाइदा गर्दैन । तेल खानुपर्छ । तर आफ्नो खानामा सन्तुलन भने मिलाउनुपर्छ भन्ने हो ।

अब फेरि अर्को कुरा आउन सक्छ, तेलको सट्टामा घिउको प्रयोग गर्दा के हुन्छ ? यस्तो दुई विकल्प छन् भने घिउभन्दा मुटुको स्वास्थ्यको लागि तेल नै उचित खानेकुरा हो । किनकि एनिमल फ्याटले मुटु लगायतका अंगलाई त्यति राम्रो गर्दैन । त्यसको सट्टा तोरी, सर्स्यू जस्ता बाली र ओखर जस्ता खानेकुराबाट निकालिएका तेलहरू स्वास्थ्यको हिसाबले पनि बढी सुरक्षित छन् । अहिले त बिस्तारै तोरीको तेल पनि राम्रो भन्ने कुरा आउन थालेको छ । अर्को कुरा ट्रान्स फ्याट पनि हाम्रो स्वास्थ्यको लागि राम्रो हुँदैन । यसले पनि मुटुलाई असर गर्छ । ट्रान्स फ्याटले पनि मुटुको रक्तनलीहरूलाई बिस्तारै साघुँरो बनाउँदै लैजान्छ । तेल अन स्याचुरेटेड फ्याटले हो हाम्रो शरीरलाई फाइदा गर्ने गर्छ । यो बदाम, तोरी, जैतुन आदिको तेल अन स्याचुरेटेड हो । जुन मुटुको लागि फाइदाजनक छ ।

विकास
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७८ कार्तिक ०१ गते सोमबार, 18 Oct. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# हेटौंडाका एटिम नै खुल्दैनन्

◆ विकास संवाददाता

हेटौंडा बजार क्षेत्रमा रहेका एक दर्जन बैकका एटिएम बिभीन्न बहानामा दिउसो र राती समेत वन्द गरिने गरिएको छ । दशैको समयमा आम उपभोक्ताहरूको चाप बढीरहेको समयममा हेटौंडा बजार क्षेत्रका एटिएम बन्द हुने गरेका हुन् । कतै बिग्रीएको बहाना गर्ने त कतै पैसा जम्मा गर्न भ्याएको छैन भनेर एटिएम सेवा दिन बैकहरू चुकेका हुन् ।

धेरैजसो बैकका एटिएम बन्द हुँदा अरू खुलेका बैकहरूमा एटिएमबाट र कम निकाल्न समेत आम नागरिकहरू लाइनमा बस्नुपर्ने बाध्यता भोग्दै आएका छन् । रातको समयमा धेरै बैकले सुरक्षा नभएको बहानामा एटिएम सेवा वन्द गर्ने गरेका छन् । नेपाल बैकरसंघ मकवानपुरका अध्यक्ष रमेश प्याकुरेलले भने केही बैकहरूले एटिएम सेवा बन्द भएको भन्ने जनगुनासो आएको बताए । सबै बैकले एटिएम सेवा २४ सै घण्टा दिनुपर्ने तर, बिभीन्न बहानामा नदिएको आफुलाई जानकारी प्राप्त भएको बताए ।

केही बैकले एटिएममा दिनमा ९० लाख रूपैयाँ सम्म राखेर ग्राहकलाई सेवा दिइरेका छन् भने केही बैकले एटिएममा पैसा राख्न छोडेर त्यही रकमले दिउसोको समयमा बैकमा काउन्टर चलाउने गरेका छन् । हेटौंडाका केही बैकले दशैको समयमा पाँच लाख रूपैयाँको समेत चेक साट्न आनाकानी गरिरहेका छन् ।

एटिएम बन्द गरेको बिषयमा आफुलाई जानकारी आएकाले अब बैकहरूलाई बोलाएर २४ सै घण्टा एटिएम खोल्न लगाउने मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले बताए । कुनैपनि बैकले बिभीन्न बहानामा एटिएम सेवा वन्द गर्न नहुने उनको भनाइ थियो ।

# स्वास्थ्य मन्त्री खतिवडाद्वारा हेटौंडा अस्पतालको अवलोकन



◆ विकास संवाददाता

स्वास्थ्य मन्त्री बिरोध खतिवडाले हेटौंडा अस्पतालको अवलोकन गरेका छन् । मकवानपुरको सरकारी अस्पताल हेटौंडा अस्पतालको उहाँले अवलोकन गरेका हुन् । सोमबार मन्त्री खतिवडाले हेटौंडा अस्पतालको आइसियू कक्ष, कोभिड–१९ वार्डको समेत स्थलगत निरीक्षण गरे ।

मन्त्री खतिवडालाई अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ड डा राचन्द्र सापकोटाले अस्पतालको बारेमा जानकारी गराएका थिए । अस्पतालको सुधारका लागि आफुले सहयोग गर्न तयार रहेको उनले बताए । अर्को कार्यक्रममा मन्त्री खतिवडाले विगतको पार्टीमा जनताले विश्वास गरेर निर्वाचित गर्दा पनि ठूला भन्नेहरूले पेल्ने र ठेल्ने काम गरेको बताए ।

पेल्ने र ठेल्नेको चंगुलबाट उम्किएर नयाँ यात्रा सुरू गर्दा प्रधानमन्त्री र पार्टी अध्यक्षले विश्वास गरेर जिम्मेवारी दिएको भन्दै उनले भने, 'ठेल्दै पेल्दै गयो भने कहिलेकाहीँ फड्को मार्नुपर्ने हुँदोरहेछ । अहिलेको क्याबिनेटको मर्यादाक्रममा छैटौं नम्बरमा राखेर आयो । पुरानो ऋण ब्याज सबै सकियो ।'

स्वास्थ्यमन्त्री खतिवडाले जनताको मत र पार्टीको निर्देशनलाई आत्मसाथ गरेर काम गर्ने बताए । अहिलेको प्राथमिकता कोरोना संक्रमण नियन्त्रण भएको भन्दै उनले नेपाललाई चाहिने २ करोड डोज खोप ल्याउन पहल गर्ने बताए ।

# थ्रेसर पल्टदा एक जनाको मृत्य

◆ विकास संवाददाता

हेटौंडामा धान चुट्ने थ्रेसर पल्टदा एक जनाको मृत्यु भएको छ । अरू तीन जना घाइते भएका छन् । हेटौंडा उपमहानगरपालिका वडा नम्बर–९ स्थित मास्टरचोकमा धान काट्ने थ्रेसर पल्टिदा यसमा सवार एक जानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक जयश्वर रिमालले बताए ।

पथलैयाबाट हेटौंडा तर्फ आउदै गरेको प्र ०२–०३–००१ त १०३ नम्बर को धान काट्ने थ्रेसर अनियंत्रित भई सडक छेउमा पल्टिएको हो । मेसिनमा सवार चार जना मध्ये तीन जना घाईते भएका छन् ।

# कारागारमा पालिका र सांसदको सहयोग



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी कारागार का कैदीबन्दीलाई दशैं मनाउन मकवानपुर का एक सांसद र गाउँपालिकाले सहयोग गरेका छन् ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवं मकवानपुर सभापति इन्द्रबहादुर बानियाँ र राक्सिराङ गाउँपालिकाले कारागारका कैदीबन्दीलाई दशैं मनाउन खसी र खाद्यान्न सहयोग गरेका हुन् । कारागारमा राक्सिराङ गाउँपालिकाका मात्रै ४१ जना रहेकाले पालिकाले आफ्नै खर्चमा दशैंमा खाद्यान्न लगायतका सामग्री वितरण गर्दै आएको छ ।

कारागारमा रहेकाहरूलाई प्रदेशसभा सदस्य बानियाँले व्यक्तिगत ६० हजार रूपैंया प्रदान गरेका थिए । सामाजिक एवं मानवीय भावनाको आधारमा कारागारमा रहेका कैदीबन्दीको दशैं सुखद बनाउन सहयोग गरेको बानियाँले बताए । दशैं सबैको पर्व भएको बताउँदै बानियाँले कारागारभित्रका कैदीबन्दीलाई प्राप्त सहयोगबाट उत्साहपूर्वक पर्व मनाउन उनले सुझाव दिए ।

जीउने आधार र विकल्प नभएर गाँजा खेती गर्नुपर्ने अवस्थाका व्यक्तिहरू जेलमा रहेको राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए । गाउँपालिका सबैको अभिभावक भएकाले पालिकाका बासिन्दाको केही व्यक्ति कारागारमा रहँदा दशैं खल्लो नहोस् भनेर केही राहत दिएको उनले बताए । कार्यक्रममा पालिका उपाध्यक्ष निर्मला हिम्डुङ, कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश वर्तौला, नेताहरू रञ्जन कालाखेती, विदुर थापा लगायतको उपस्थिति रहेको थियो ।

*कारागारमा लागूऔषध मुद्दामा मकवानपुरको हेटौंडा उपमहानगरका ४४, राक्सिराङ्का ४१, कैलाशका १४, बकैयाका ३, भीमफेदीका ३, मनहरीका १६ र थाहा नगरपालिकाका २ जना गरी १ सय २३ जनाले जेल जीवन बिताईरहेका छन् ।*

भीमफेदी कारागारमा लागूऔषध मुद्दामा मकवानपुरको हेटौंडा उपमहानगर का ४४, राक्सिराङ्का ४१, कैलाशका १४, बकैयाका ३, भीमफेदीका ३, मनहरीका १६ र थाहा नगरपालिकाका २ जना गरी १ सय २३ जनाले जेल जीवन बिताईरहेका छन् ।

# मानव सेवा 'आश्रमलाई 'आर्थिक सहयोग

◆ विकास संवाददाता

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवं मकवानपुर सभापति ईन्द्रबहादुर बानियाँले मानव सेवा आश्रमलाई आर्थिक सहयोग गरेका छन् ।

बानियाँले आफ्नो सेवासुविधाबापत प्राप्त रकममध्येबाट एक लाख रूपैयाँ मानव सेवा आश्रमलाई सहयोग गरेका हुन् । उनले सहयोग रकम आश्रमका संस्थापक केन्द्रीय अध्यक्ष रामजी अधिकारीलाई हेटौंडा आश्रममा पुगेर हस्तान्तरण गरेका छन् ।

मानवीय सेवामा अनुकरणीय काम गरिरहेको आश्रममा आश्रितहरूको सेवामा सहयोग पुगोस् भन्ने उद्धेश्यले आफ्नो सेवासुविधाबापतको रकम हस्तान्तरण गरेको बानियाँले बताए ।

उनले आश्रमले परिवारबाट विछोड भएका, मानसिक रूपमा विक्षिप्त, शरीरिक रूपमा अशक्त र सडकमा कठिन जीवन विताउने क्रममा जन्मिएका र अलपत्र भेटिएका शिशुको गाँसबास, उपचार एवं बृत्तिबिकास र पुनर्मिलनमा गरेको कार्य मानवताको उच्चतम उदाहरण भएको बताउँदै निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले आश्रम



र संस्थापक अध्यक्ष रामजी अधिकारीसहित आश्रम परिवारको कामको प्रशंसा समेत गरेका थिए ।

उनले आश्रममा आश्रित अग्रजबाट टीका ग्रहणका साथै बालबालिकाहरूलाई दशैंको टीका समेत लगाई दिएका थिए । बानियाँले आश्रमलाई नियमित सहयोग गर्दै आएका छन् । प्रदेशसभा सदस्य बानियाँबाट प्राप्त सहयोग आश्रममा आश्रितहरूको गाँसबास र उपचारमा सदुपयोग गर्ने अधिकारीले बताए ।

बानियाँले केही दिन अघि मकवानपुरको भीमफेदी कारागारमा रहेका कैदीबन्दीलाई दशैं मनाउन ६० हजार रूपैयाँ सहयोग गरेका थिए । उनले सांसद बापत प्राप्त सेवा सुविधा सामाजिक हितमा खर्चिदै आएका छन् ।

# हेटौंडामा टोलटोलमा फुटबल प्रतियोगिता

◆ विकास संवाददाता



हेटौंडाको तीन वटा वडामा टोल स्तरीय फुटबल प्रतियोगिताको समापन गरिएको छ । हेटौंडा–७, ८ र १४ मा टोल स्तरिय फुटबल प्रतियोगिताको समापन गरिएको हो ।

तीन वटै कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका मेयर हरि बहादुर महतको प्रमुख आतिथ्यतामा भएको हो । हेटौंडा–८ कमानेमा अन्तर टोल स्तरीय फुटबल प्रतियोगिता समापन गरिएको छ ।

मदनभण्डारी स्पोर्टस एकेडेमीको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको सहयोगमा प्रतियोगिता गरि एको हो । कार्यक्रमका प्रमुख अतिथी उपमहानगरपालिकाका महतले यस्ता प्रतियोगिताले खेल क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुग्ने बताए ।

यसैगरी हेटौंडा–७ नागश्वतीमा टोल स्तरिय फुटबल प्रतियोगिताको समापन गरिएको छ । कार्यक्रममा बोल्दै मेयर महतले खेल क्षेत्रको लागि स्थानीय सरकारले हरेक तवरबाट सहयोग गरिएको बताए ।

यसैगरी हेटौंडा–१४ मा पनि टोल स्तरिय फुटबल प्रतियोगिताको समापन गरिएको छ । कार्यक्रममा बोल्दै मेयर महतले हेटौंडामा पछी थपीएका वडाहरूमा पनि खेल क्षेत्रको विकासका लागि आफु लागिपरेको बताए ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# हात्तीसारको रूप फेरिँदै

◆ विकास संवाददाता



मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीमा उपयोगविहीन अवस्थामा रहेको ऐतिहासिक सम्पदा हात्तीसारको संरक्षणसहित पर्यटकीय गन्तव्य बनाइँदै छ । बागमती प्रदेश सरकारले चितवन राष्ट्रिय निकुञ्जको अधिनमा रहेको हात्तीसारलाई आफ्नो मातहत ल्याई संग्रहालयको रूपमा संरक्षण गर्ने र स्वदेशी एवं विदेशीहरूको आकर्षणको केन्द्र बनाउने योजनाअनुरूपको काम भइरहेको हो । संरक्षणको अभावमा जीर्ण अवस्थामा रहेको हात्तीसारको प्रवेशद्वारबाटै संरक्षणको काम थालिएको छ ।

डिभिजन वन कार्यालयमार्फत ९७ लाख रूपैयाँ खर्चेर गत आर्थिक वर्षमा पर्खाल निर्माण, तत्कालीन बेलायतकी महारानी एलिजावेथ द्धितीय र तत्कालीन राजा महेन्द्रसहित जंगबहादुर राणाले शिकारका लागि प्रयोग गरेका हौदा संरक्षण गरिएको छ । परिसरमा बगैंचा बनाइएको छ ।

डिभिजन वन कार्यालयका सहायक वन अधिकृत अच्युत उपाध्यायका अनुसार ३२ रोपनी जग्गामा फैलिएको हात्तीसार प्रवेशसँगै आगन्तुकले फोटो खिच्न मिल्नेसहित २ वटा हात्तीको मूर्ति बनाउने र ति हात्तीमाथि महारानी एलिजावेथ द्धितिय र जंगबहादुर राणाको शालिक निर्माण गर्ने योजना छ । यसका लागि चालु आवमा प्रदेश सरकारले ५० लाख रूपैयाँ बजेट छुट्याएको छ । सन् १९५२ मा तत्कालीन राजा महेन्द्रको निमन्त्रणामा नेपाल भ्रमणमा आएकी बेलायती महारानी एलिजाबेथ द्धितीयले हात्ती चढेर चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा सयर गरेकी थिइन् । 'महारानी एलिजाबेथले प्रयोग गरेका ४ वटा सिकारी हौदा र जंगबहादुर राणाले प्रयोग गरेका पिँजडा हौदा छन्,' संग्रहालयका हेरालु भरतसिं लामाले भने, 'शिकारीको संरक्षणमा जाने भारदारी र खानपानको व्यवस्था गर्नेहरू बस्ने सुसारे हौदासहित सबै गरेर ४२ वटा हौदा यहाँ राखिएको छ ।'

त्रिभुवन राजपथ बन्नुअघि स्वदेशी र विदेशी उच्च पदस्थ अधिकारी तथा पर्यटकहरू भीमफेदीबाट हात्ती चढेर शिकार खेल्न चितवन र पर्सा निकुञ्ज जाने गर्थे । 'त्यतिबेला भीमफेदीको चहलपहल धुनधान थियो, बाटोमा हात्ती आउजाउ गरिरहन्थे,' भीमफेदी सुपिङका ८१ वर्षीय नलशिह लामाले सम्झिए, 'हात्तीसारमा १०-१५ वटासम्म हात्ती हुन्थे । अहिले सुनसान छ ।' भीमफेदी-६ स्थित हात्तीसारमा हौदाहरू राख्न अर्को छुट्टै भवन पनि छ ।

भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाका अनुसार २०४५ सालसम्म राजपरिवारका सदस्यले शिकार खेल्न यहाँबाट हौदालगायत सामग्रीहरू लैजाने गर्थे । 'बहुदल आएपछि मात्रै यस्ता सामग्री प्रयोग गर्न छाडेका हुन्,' उनले भने । ऐतिहासिक यो स्थलको संरक्षण र प्रचार प्रसार गर्नु जरूरी रहेकोमा उनले जोड दिए । तर यसअघि यसको संरक्षणमा उतिसारो चासो दिइएको थिएन । २०६५ मा स्थानीय भरतसिंह लामालाई चितवन निकुञ्जले हात्तीसारको हेरालुको रूपमा खटाएको थियो । उनी अहिले पनि यही काजमा छन् तर हात्तीसार संरक्षणमा गत वर्षसम्म अरू केही पनि काम भएको थिएन ।

# युवाले गरे सरसफाई कार्यक्रम



◆ विकास संवाददाता

आम नेपाली युवाहरू दशैं पर्व मनाउन व्यस्त भइरहेको बेला दामन-सीमभञ्ज्याङका युवाहरू भने सरसफाइमा व्यस्त भएका छन् ।

स्थानीय दावा शेर्पा, अमित पाखिन, दीपज्योति लामा, सुशान्त लामा, दिग्विजय लामा लगायतका युवाहरू दामन क्षेत्रको धार्मिक तथा पर्यटकीय क्षेत्रको सरसफाइ अभियानमा सक्रिय भएका हुन् ।

उनीहरूले नेपालकै लामो भञ्याङ र प्रशिद्ध ऋषेश्वर जाने बाटो सरसफाइ गरेका हुन् ।

# एमाले वडा अधिवेशन ६ गते

◆ विकास संवाददाता

थाहा नगरपालिकाका सबै वडाहरूमा नेकपा एमालेले एकै दिन वडा अधिवेशन गर्ने भएको छ । पार्टीको केन्द्रीय निर्णय र जिल्ला कमिटीको सर्कुलर अनुसार ६ कात्तिकमा नगरका सबै वडाहरूमा एक साथ वडा अधिवेशन गर्ने तयारी गरिएको नेकपा एमाले थाहा नगर का अध्यक्ष अच्युत्तमप्रसाद ढकालले जानकारी दिए ।

३ कात्तिकमा बसेको नेकपा एमाले थाहा नगर कमिटीको पूर्ण बैठकले वडा अधिवेशनको कार्यविधि तयार गर्नुका साथै वडा अधिवेशन सम्पन्न गर्न प्रतिनिधिहरूसमेत तोकेको नगर अध्यक्ष ढकालले जानकारी दिए ।

ढकालका अनुसार नगर कमिटीको तर्फबाट वडा अधिवेशन सम्पन्न गर्न वडा नम्बर १ मा प्रदिप प्रधान, २ मा श्यामभक्त श्रेष्ठ, ३ मा लक्ष्मण बर्तौला, ४ मा जितबहादुर थोकर, रामराजा केसी, नारायण बल , ५ मा कमल कार्की, चमेली वाइबा, कृष्ण मोक्तान, संजिब बल र ६ मा मनहरि भट्टलाई जिम्मेवारी तोकेको छ ।

त्यसैगरी वडा नम्बर ७ मा अनुरोध स्याङ्तान, देवराज गोले, ८ मा शिब कार्की, ९ मा रामकृष्ण बस्नेत, १० मा उत्तम लामिछाने, ११ मा बिएम स्याङ्तान र १२ मा मानबहादुर स्याङ्तानलाई जिम्मेवारी तोकिएको एमाले थाहा नगरले जनाएको छ ।

थाहा नगरमा रहेका एमाले जिल्ला कमिटी सदस्यहरू पनि वडा अधिवेशन सम्पन्न गर्न खटिएका छन् । एमाले जिल्ला सचिवालय सदस्य विष्णुप्रसाद ढकालका अनुसार एमालेका २१ जना जिल्ला कमिटी सदस्यहरूलाई वडा अधिवेशनका लागि जिम्मेवारी तोकिएको छ । प्रदेश कमिटी सदस्य सुभाषचन्द्र ठकुरी, वरिना बल, जिल्ला सचिवालय सदस्य विष्णुप्रसाद ढकाल, जिल्ला कमिटी सदस्य बुद्धरत्न मानन्धर, नगर अध्यक्ष अच्युत्तमप्रसाद ढकाल र नगर सचिब कुमार नेगीले वडा अधिवेशनको अनुगमन र सहजीकरण गर्नेगरी जिम्मेवारी तोकिएको छ ।

वडा अधिवेशनले आगामी ३ वर्षका लागि अध्यक्ष-१, उपाध्यक्ष-१, सचिब-१ र उपसचिब-२ गरी ५ जना पदाधिकारीसहित ३१ जनाको वडा कमिटी गठन गर्नेछ । त्यसैगरी नगर अधिवेशनका लागि आवश्यक प्रतिनिधिहरू पनि वडा अधिवेशनले नै चयन गर्नेगरी सर्कुलर जारी गरिएको एमाले थाहानगर सचिब कुमार नेगीले जानकारी दिए ।

# आग्रामा शुभकामना आर्दानप्रदान

◆ विकास संवाददाता



नेकपा माओवादी केन्द्र थाहा नगरपालिका वडा नं. ७ कमिटीले कार्यकर्ता भेटघाट तथा शुभ विजया दशमी, दिपावलीको शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ । वडा नं. ७ को तल्लो सल्ले सतिवन डाडाँमा कार्यक्रम भएको हो ।

वडा नं. ७ कमिटीका अध्यक्ष रामबहादुर स्याङतानको सभाध्यक्षतामा तथा राष्ट्रिय सभा उसदस्य राम नारायण विडारी प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा वडा नं. ७ सल्ले, राम्चे तथा आसपासका क्षेत्रहरूबाट सयौं कार्यकर्ता तथा माओवादी समर्थकको उपस्थिती रहेको थियो ।

वडा नं. ७ कमिटीको सचिव मोहन शमशेर थिङले सञ्चालन गर्न भएको कार्यक्रममा नेकपा माओवादी बाग्मती प्रदेश कमिटी सचिवालय सदस्य विष्णु विष्ट 'आदर्श', जिल्ला समन्वय समिती सदस्य तथा थाहा नगर इन्चार्ज विनायक गोले, जिल्ला समन्वय समिती सदस्य विनोद लामा, जिल्ला समन्वय समिती सद्स्य तथा अखिल नेपाल जनस्वास्थ्यकर्मी महासंघ जिल्ला कमिटी अध्यक्ष जयराम रायमाझी, नगर सचिवालय सदस्य विनोद के.सी, वाइसियल थाहा नगर अध्यक्ष मान सि. दोङ लगायतका आतिथ्यता रहेको थियो ।

कार्यक्रमका विच नेपाली कांग्रेस परित्याग गरि तीन जना नेकपा माओवादी केन्द्र प्रवेश गरेका छन् ।

# मकवानपुरमा धान भित्र्याउने चटारो

◆ विकास संवाददाता

मकवानपुरका किसानलाई धान काटेर भित्रयाउने चटारो सुरू भएको बेलामा पानी परेपछी समस्या भएको छ । हिजो र आज पानी परेछी मकवानपुरको दश वटै स्थानीय तहका किसान चिन्तित भएका छन् । दशै सकिएलगत्तै धान भित्र्याउने योजना बनाएका किसानलाई समस्या भएको हो ।

दशैंको बेला धान पाक्ने समय हुने र घर गाउँमा जनशक्ति पनि धेरै हुने भएकाले धान पाकेको ठाउँमा यही बेला धान काट्ने र भित्र्याउने गरिन्छ । तर हिजो देखि पानी पर्न थालेपछि टीका सकिएलगत्तै धान काट्ने किसानको योजना बिफल भएको छ । कतिपय ठाउँमा त काटेर खेतमै सुकाएको धान पानीले भिजाएको छ ।

पानी परेपछी धान काट्न र चुट्नका लागि समस्या भएको मकवानपुरगढी गाउँपालिकाका किसान तिर्थ सापकोटा वताउनुहुन्छ । धान काट्ने बेलामा पानी पर्ने संकेत नदेखिए पनि धान काटेर सुकाउनेबित्तिकै पानी परेपछि नोक्सानी भएको किसानको गुनासो छ । धान नकाटेको ठाउँमा पनि वर्षाले धानको बोट ढलेको छ ।

मौसमको अवस्था बुझेर मात्रै धान भित्र्याउन कृषि विज्ञको सुझाव छ । मौसमविदले पर्सि बुधबारसम्म नै पानी पर्ने बताएका छन् । धान पाके पनि पानीले भिजाउनुभन्दा केही दिन पर्खनु नै उपयुक्त हुने कृषि विज्ञको भनाइ छ । धान काटेर खेतमै छोड्दा नोक्सान हुन सक्ने भएकाले सकेसम्म धान नकाट्न बिज्ञले सुझाब दिएका छन् ।

# बालमन्दिरका बालबालिकाहरूलाई पुस्तक र लाइबेरी व्याग

◆ विकास संवाददाता



मकवानपुरको भीमफेदी बालमन्दिरका बालबालिकाहरूलाई पुस्तक र लाइबेरी व्याग सहयोग गरिएको छ । हेटौंडाको चौघडामा रहेको प्रज्वल गुठियारका सदस्य तथा प्याप्सन मकवानपुरका कोषाध्यक्ष लक्ष्मी श्रेष्ठ र उहाँकी दिदी शुसीला श्रेष्ठले भीमफेदी बालमन्दिरका बालबालिकालाई ५० थान पुस्तक सहयोग गरेकी हुन् ।

शुसीला श्रेष्ठले बिहान चिया खाने रकमलाई जोहो गर्दै जम्मा गरेर बालमन्दिरलाई सहयोग गरिन् । कक्षा छ सम्मका बालबालिकाले अध्ययन गर्न मिल्नेगरी कथा संग्रहका किताबहरू सहयोग गरिएको हो ।

प्याप्सन कोषाध्यक्ष श्रेष्ठले भीमफेदी गाउँपालिकाका उपाध्यक्ष पार्वती रानालाई पुस्तक हस्तान्तरण गर्नु भएको थियो । उपाध्यक्ष रानाले भीमफेदी बाल मन्दिरलाई पुस्तक दिइन् ।

यसैगरी उनले मनहरीमा रहेको आमा घरमा समेत पिठो, चिनी, चियापत्ति चिसो पेय पदार्थ सहयोग गरेकी थिइन् ।

# बढि भाडा लिने सवारीलाई कारबाही

◆ विकास संवाददाता

कुलेखानी-काठमाण्डौ चल्ने टाटासुमोले एक जना यात्रुसंग तोकिएको भाडा भन्दा पाँच सय रूपैयाँ सम्म बढी भाडा ठगि गरेको प्रहरीले फेला पारेको छ ।

एउटा सुमोमा अहिले दश जना यात्रु चढाउने गरिएको छ । दश जना यात्रुसंग एउटै सुमोले पाँच हजार रूपैयाँ ठगी गरेको छ । तर, जिल्ला प्रहरी कार्यालय मकवानपुरले भने कार्बाहीको नाममा एक हजार रूपैयाँ मात्र जरिवाना लिएर सुमोलाई छोडिदिएको छ ।

प्रहरीको चेकिङमा पाँच वटा सुमोले मात्र यात्रुसंग बढी भाडा लिएको प्रहरीले फेला पारेको र एक हजार रूपैयाँका दरले जरिवाना लिएर छोडिदिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रहरी प्रवक्ता देवेन्द्र दासले बताए ।

दैनिक रूपमा हेटौंडा-काठमाण्डौ ओहोर दोहोर गर्ने ५ सय वटा टाटा सुमोहरू रहेका छन् । ती सबै सुमोहरूले तोकिएको भन्दा दोव्बर भाडा यात्रुसंग लिएका छन् । तर दुइदिनको अवधिमा प्रहरीले बल्ल पाँच वटा सुमोले ठगि गरेको फेला पार्न सफल भएको जनाएको छ ।

# स्थानीय तहको काम कर्तव्य र अधिकार

आर्थिक समानता, समृद्धि र सामाजिक न्यायलाई स्थापित गर्न समानुपातिक समावेशी र सहभागीमूलका सिद्धान्तका आधारमा नेपालको संविधान २०७२ जारी भएपछि देशमा तीन तहको सरकारको निर्माण भएको छ । दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संघ, प्रदेश र स्थानीय तहको परिकल्पना संविधानले गरेको छ । तीनै तह राज्य शक्तिको अभिन्न अंग हुन् । तीनै तहको एकल तथा सहकार्यात्मक ढंगले हुनेगरी संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा अधिकारहरू बाँडफाँट गरिएको छ । यसरी संघीयताको परिकल्पनाबाट शासन प्रणालीको विकास गरिएको छ । अहिले मुलुकमा ७ सय ५३ स्थानीय सरकार, ७ प्रदेश सरकार र १ संघीय सरकार सहित ७७ जिल्ला समन्वय समिति रहेका छन् । एकात्मक केन्द्रीकृत शासन प्रणालीबाट संघीयतामा प्रवेश गरेको २ वर्ष भन्दा बढी भइसकेको छ । यो अवधिमा संघीय, प्रदेश र स्थानीय तहबीच केही विवादहरू पनि देखिए । त्यसैले तीनवटै सरकारको काम कर्तव्य र अधिकारका विषयमा चर्चा भइराख्नु जरूरी छ ।

### स्थानीय तहको काम, कर्तव्य र अधिकार

संविधानले स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई जनाएको छ । गाउँपालिकामा गाउँसभा र गाउँकार्यपालिका रहने छ भने नगरपालिकामा नगरसभा र नगर कार्यपालिका रहने छन् । त्यस्तै जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्न तथा अनुगमन गर्ने तथा जिल्लामा रहने संघीय, प्रादेशिक र सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिकाबीच समन्वयन स्थापित गर्न जिल्ला समन्वय समिति हुन्छ । जसले जिल्ला सभाको काम गर्दछ ।

स्थानीय तहको कार्यजिम्मेवारी नेपालको संविधान, नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति कार्य-विस्तृतिकरण प्रतिवेदन तथा प्रचलित कानून बमोजिम हुने छ । 'स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४' अनुसार गाउँपालिका र नगरपालिकाको काम कर्तव्य र अधिकार यसप्रकार रहेको छ ।

**१. नगर प्रहरी**

स्थानीय तहमा शान्ति सुरक्षा कायम गर्न र जनतामा सुरक्षाको अनुभूति दिलाउन सरकारले लागु गरेको नीति, कानून मापदण्ड र निर्णय कार्यान्वयन गर्न, स्थानीय तहको सम्पत्ति संरक्षण गर्न पनि स्थानीय तहले नगर अथथा गाउँ प्रहरी परिचालन गर्न सक्ने छन् ।

**२. सहकारी तथा संस्था सम्बन्धी**

सर्वसाधारण नगरिकको आर्थिक तथा सामाजिक विकासका लागि पारस्परिक सहयोग र सहकारीताको विकास गर्न स्थानीय तहले सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन समेत गर्न सक्ने व्यवस्था संविधानले गररेको छ ।

**३. एफ.एम. सञ्चालन**

स्थानीय तहमा १ सय मेगावाट सम्मको एफएम रेडियो सञ्चालन गर्न अनुमति नवीकरण र नियमन स्थानीय तहले नै गर्न सक्ने छन् ।

**४. स्थानीय कर, सेवा शुल्क तथा दस्तुरः**

स्थानीय तहको खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजश्व संकलन समस्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास तथा स्थानीय सरकारको अल्पकालीन तथा दिर्घकालीन खर्च व्यवस्थापनको कार्यभार स्थानीय तह आफैमा रहने छ । स्थानीय निकायले सम्पत्ति कर, घरबहाल कर, घरजग्ग र जिस्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, भस्मिकर दण्ड जरिवाना लगायतबाट राजश्व संकलन गर्ने अधिकार स्थानीय सरकारले पाएको छ ।

**५. स्थानीय सेवाको व्यवस्थापन**

स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त सम्बन्धी कानून निर्माण गर्न स्थानीय तहले सक्छन् । स्थानीय प्रशासनका काम कार बाहीमा पारदर्शिता र जवाफदेहिता प्रशासनिक सुशासनका लागि महत्वपूर्ण नीति नियम स्थानीय तहमै बनाउने अधिकार संविधानले दिएको छ । यसबाहेक, वित्तीय स्रोतको अधिनमा रही अवश्यकता अनुसार स्थानीय सेवाको गठन, जनशक्ति व्यवस्थापन तथा वृति विकास, केन्द्रीय सरकारबाट समायोजन भई आउने कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय गर्ने काम समेत स्थानीय तहले गर्न सक्ने छन् ।

***६. स्थानीय तथ्याङ्क र अभिलेख संकलनः***

स्थानीय तथ्याङ्क सम्बन्धी नीति तथा कानुन र मापदण्ड निर्माणको काम स्थानीय तह आफैले गर्न सकने छन् । जन्म, मृत्यु, विवाह, सम्बन्ध् विच्छेद, बसाई सराई दर्ता व्यवस्थापन सूचना प्रणाली मार्फत गर्ने र सोही प्रणाली बमोजिम अभिलेख व्यवस्थापन गर्ने काम स्थानीय तहले गर्न सक्नेछन् ।

***७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना***

स्थानीय तहले आफ्नो नगरभित्रको विकासका काम आफै गर्न सक्ने छन् । सामाजिक न्यायमा आधरित सन्तुलित दिगो विकास सुनिश्चित गर्न स्थानीय तहमा सामाजिक समावेशीकरण, सामाजिक परिचालन, लक्षित वर्षको क्षमता विकास र सशक्तिकरण गर्नका लागि आयोजना र परियोजना बनाउन स्थानीय तहलाई अधिकार दिएको छ ।

**८. आधारभूत र माध्यमिक शिक्षा**

स्थानीय तहले शैक्षिक क्षेत्रको विकासका लागि आफ्नो क्षेत्राधिकार भित्र रहेर आवश्यक नीति, योजना र कार्यत्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी पाएका छन् । स्थानीय तहले बाल शिक्षा तथा विद्यालय,अ नौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, मातेभाषमा शिक्षा तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण कार्यान्वयन र नियमन गर्न सक्ने छन् ।

**९. आधारभूत स्वास्थ्य र सरसफाई**

आधारभूत स्वास्थ्य र सरसफाई समबन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने जिम्मा स्थानीय तहको छ । त्यस्तै आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन गर्न सक्ने छन् । अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन, रक्तसंचार सेवा, स्थानीय तथा सहरी स्वास्थ्यसेवा सञ्चालन तथा व्यवस्थापनको कामको जिम्मेवारी स्थानीय तहमा छ ।

**१०. स्थानीय बजर व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून तथा मापदण्ड कार्यान्वयन र नियमन गर्ने जिम्मा स्थानीय सरकारको छ । त्यस्तै स्थानीय बजार तथा हाटबजार सञ्चालन गर्न सक्ने छन भने स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासीको प्रक्षेपण, मूल्य निर्धारण तथा अनुगमनको काम गर्न सक्ने छन् । स्थानीय स्तरको व्यापारिक फर्म, दर्ता अनुमति, नविकरण र खारेजीको काम समेत स्थानीय तहबाटै हुने छ ।

**११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाई**

स्थानीय ग्रामीण र कृषि सडक निर्माण तथा विस्तार गर्ने, सिँचाइसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्ने, सडक कृषि, सिँचाई, तटबन्ध, झोलुंगे पुल, लगायतका परियोजनाको कामगर्ने मर्मतसम्भार र नियमन गर्ने काम स्थानीय तहले गर्न सक्नेछन् । त्यस्तै सिँचाईको व्यवस्थापन गर्ने काम पनि स्थानीय तहबाटै हुने छ । त्यस्तै बस, रेल तथा शहरी रेल सेवाको सञ्चालन तथा व्यवस्थापन मर्मत सम्भार र समन्वयको काम र स्थानीय यातायात सुरक्षाको योजना तथा मापदण्ड निर्धारण तथा सेवाको व्यवस्थापन गर्ने काम स्थानीय सरकारले नै गर्न सक्नेछन् ।

**१२. गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थाताको व्यवस्थापन**

गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि निर्माण गर्ने, स्थानीय नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, बजेट र कार्यत्रम स्वस्कृतिगर्ने तथा बजेट कार्यान्वयनको समिक्षा गर्ने काम समेत स्थानीय तह आफैले गर्न सक्ने छन् ।

**१३. स्थानीय अभिलेख व्यवस्थापन**

स्थानीय तहले जनसात्कि, प्रकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था कुल गार्हस्थ उत्पादन, प्रतिव्यक्रि आय, मानव विकास सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अभिलेख राख्न सक्ने अधिकार रहेको छ । त्यस्तै सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अध्यावधिक अभिलेख राख्न सक्नेछन् ।

१४. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण स्थानीय तहले प्रादेशिक कानून तथा मापदण्ड बमोजिम स्थानीय जग्गाको कित्ताकाट र भूमि लगत निर्माण गर्न सक्ने छ । जग्गा धनी दर्ता प्रमाणपूर्जा वितरण तथा लगत व्यवस्थापन, जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरण समन्वय र सहजीकरण सम्बन्धी काम र भूमि प्रशासन सम्बन्धी कार्य गर्न सक्ने छ ।

**१५, कृषि, पशुपंछी खाद्य पेय तथा सहकारी**

कृषि वस्तुको बढ्दो माग परिपूर्ति गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, साना र सीमान्त वर्गका किसानका लागि आवश्यक कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धि मापदण्ड निर्माण गर्ने काम स्थानीय तहले गर्न सक्ने छन् । त्यस्तै कृषि सम्बन्धि नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने संवैधानिक अधिकार स्थानीय तहमा हुने छ ।

**१६. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन**

जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय बेबारिसे, असक्त तथा सडक बालबालिका सम्बन्धि नीति, कानून, मापदण्ड निर्माण, कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने छ । सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अध्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने काम स्थानीय तहले गर्न पाउने छन् ।

**१७. बेरोजगारको तथ्याङ्क संकलन**

रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानुनबमोजिम हुने छ भनी व्यवस्था गरिएकाले रोजगार तथा बेरोजगारको तथ्याङ्क संकलन, विदेशी श्रमिकको सूचना व्यवस्थापन गर्ने कार्यभार स्थानीय तहको रहेको छ । कृषि प्रविधिको संरक्षण र हस्तान्तरण गर्ने कार्य समेत स्थानीय तहको हुने छ ।

**१८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तिकरण लगायतका काम स्थानीयत तहले गर्ने छन् । त्यस्तै कृषि बीउविजन, नश्ल, मलखाद, रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन, रेथाने जातका कृषि विउविजनहरूको संरक्षण तथा प्रबर्द्धन गर्न सक्ने छ ।

**१९. खानेपानी, साना जलविद्युत अयोजना, वैकल्पिक उर्जा**

स्थानीय खानेपानी सम्बन्धि नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन, साना जलविद्युत आयोजना र स्थानीय विद्युतको वितरण प्रणाली तथा सेवाको व्यवस्थापन र सञ्चालन नियमन, खानेपानी महसुल निर्धारण र सेवा व्यवस्थापनका कामहरू स्थानीय तहबाट नै हुनेछन् ।

**२०. विपद् व्यवस्थापन**

स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको काम स्थानीय तहले गर्ने छन् । त्यस्तै विपद जोखिम क्षेत्रको नक्सांकन, वस्तीहरूको पहिचान र स्थानान्तरण लगायतका काम स्थानीय तहबाटै हुने छन् ।

**२१. जलाधार, जन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

जलाधार तथा वन्यजन्तुसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन, पानीका मुहान संरक्षण, भूसंरक्षण, अनुकुल खानी तथा खनिजको संरक्षणसम्बन्धी कामहरू गर्ने काम पनि स्थानीय तहबाटै हुने छन् ।

**२२. भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास**

पुरातत्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकासको काम स्थानीय तहबाट हुने छ । स्थानीय परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन, भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास सम्बन्धी काम पनि स्थानीय तहबाट नै हुने छ ।

यसबाहेक स्थानीय तहले संघ र प्रदेशसँगको सहकार्यमा पनि विभिन्न गतिविधि सञ्चालन गर्न पाउने छ ।

लिङ्ग पहिचान गरी
भ्रूणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले
नगरौं, नगराऔं ।
छोराछोरी दुवैको
जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी